# ३

# ख्रीष्ट र यहूदी धर्मका परम्पराहरु

*यस अध्यायको निम्ति पढ्नुहोस्:* मत्ती २३:१-७, मत्ती १५:१-६, यशैया २९:१३, मत्ती ५:१७-२० र रोमी १०:३।

*स्मरण गर्नुपर्ने पद:* "तिनीहरूको जिब्रोले मात्र मलाई सम्मान गर्छ। तर तिनीहरूका हृदयहरू मबाट टाढा छन्। तिनीहरूले गरेका पूजापाठहरू मेरो निम्ति अर्थहिन छन्। मानिसले बनाएका विधिविधानहरूबाहेक तिनीहरूले केही पनि सिकाउँदैन।" (मत्ती १५:८,९ रूपान्तरित)।

मेथोडिस्ट इसाई सम्प्रदायलाई सुरू गर्ने जोन वेसली थिए। मानिसको धार्मिक विश्वासहरू चार थोकहरूबाट प्रभाव पार्छ भनेर उनले व्यक्त गरेका थिए। तिनीहरू विश्वास अर्थात् आस्था, तर्क, बाइबल र परम्परा हुन्। तर ती सबै थोकहरू बराबरी छन् भनेर उनले भनेका थिएनन्। मानिसलाई सबभन्दा बढी प्रभावपार्ने थोक बाइबल हुन् भनेर उनले स्वीकारेका थिए। तर मानिसको व्यक्तिगत आस्था, तर्क गर्ने क्षमता र धार्मिक परम्पराहरूले बाइबलको वाख्या गर्न प्रभाव पार्छ भनेर पनि उनले भनेका थिए। यदि आज वेस्ली फर्केर आयो भने बाइबलको स्पष्ट शिक्षा भन्दा उनले अघि सारेका तर्क, परम्परा र व्यक्तिगत धारणालाई आधुनिक मानिसहरूले दिएको प्रार्थमिकताप्रति उनी स्तब्ध हुन्थे होला।

यहूदी धर्मगुरू शास्त्री र फरिसी पण्डितहरूले सिकाएका केही धार्मिक परम्परालाई यस अध्यायमा नियाल्नेछौं। ती परम्पराहरू लेख्ने वा रच्ने धार्मिक गुरू रब्बीहरूले बाइबलमा अगाध श्रद्धा राख्दथे। परमेश्वरको वचन वा बाइबलको बराबरी ती परम्परा हुनुपर्छ भन्ने तिनीहरूको योजना थिएन। तर तिनीहरूका केही कठित वा अतिवादी अनुयायीहरूले सन्देश र तरिकासँग मिलाएर अन्यौलता ल्याएका थिए।

त्यसरी मानव परम्परा वा रीतिथितीहरू परमेश्वरको वचनभन्दा महत्त्वपूर्ण बन्न गएका थिए।

## १. मोशाको आसनमा बस्नेहरू (मत्ती २३:१-७)

"शास्त्री र फरिसीहरू" भन्दा दुई समूहका यहूदी धर्मगुरूहरूलाई सम्बोधन गरिएको देखिन्छ। परिस्थितिबश तिनीहरू आफै ती दुई समूहमा विभाजित भएका हुन्। तर फरिसी पण्डितहरू भन्दा शास्त्रीहरू सानो झुण्डका थिए (प्रेरित २३:९)। तिनीहरू सानो फरिसी समूह नै थिए। (तिनीहरू खास गरेर धर्मशास्त्रलाई लिखित रूपमा कपी गर्ने वा उतार्नेहरू हुन्। धर्मशास्त्रलाई उतार्ने क्रममा तिनीहरू धर्मको बारेमा विद्वान हुन पुगेका थिए)। यहूदी धर्मगुरू वा यहूदी धर्मका रक्षक भनेर सम्बोधन गरिने फरिसीहरू युनानी अर्थात् ग्रीक साम्राज्यको पालादेखि प्रख्यात भएका थिए। हेसडिम (**HASIDIM**) भन्ने यहूदी धार्मिक समूहबाट बाँकिभएकाहरूलाई फरिसी भनेर कहलाइएको पाइन्छ। इस्राएलमा रहेका हेसडिम यहूदी समूहले ग्रीकको विरुद्धमा विद्रोह गर्न सहयोग गरेको थियो। त्यस विद्रोहलाई यहूदी इतिहासमा माकवियन विद्रोह भनेर प्रख्यात छ।

फरिसी (**PHARISEES**) भन्ने नाम हिब्रू भाषाको पारास ( **PARAS**) भन्नेबाट आएको हो। त्यसको अर्थ अलग रहनु हो। विगत समयमा धेरै यहूदीहरू गैर-यहूदी धर्म र संस्कारहरूबाट प्रभावित भएका थिए। त्यसको प्रतिकार गर्न प्रत्येक यहूदी पुरषले यहूदी धार्मिक व्यवस्था राम्रोसँग सिकुन् भनेर फरिसीहरूले आफ्नो धर्म ठानेका थिए। त्यस काम गर्न फरिसीहरूले एउटा पद खडा गरेका थिए। त्यस पदलाई रब्बी (**RABBI**) भनिन्छ। त्यसको अर्थ "मेरो गुरू वा सिद्ध" हो (अर्थात् नेपाली भाषामा भन्ने हो भने त्यसको अर्थ गुरू महाराज वा स्वामी भनेपनि हुन्छ)।

"मोशाको आसनमा शास्त्री र फरिसीहरू बस्दछन्" भनेर येशूले सम्बोधन गर्नुभएको थियो। तिनीहरू मानिसका धर्मगुरूहरू हुन् भनेर

**येशूले सहमती जनाउनुभएको थियो भनेर त्यसले देखाउँछ (मत्ती २३:२,३)। मानिसहरूले मोशाका व्यवस्थालाई राम्रोसँग जानुन् र पालन गरून् भन्ने अभिभारा ती धर्मगुरूहरूले लिएका थिए भनेर येशूलाई थाहा थियो।**

शास्त्री र फरिसी पण्डितहरूसँग येशूको ठूलो असहमती भएको थियो। त्यो के थियो भनेर मत्ती २३:१-७ले यसरी बताउँछ "येशूले मानिसहरूको घुइचों र आफ्ना चेलाहरूलाई भन्नुभयो, २ "हेर, धर्म-गुरु र फरिसीहरूले मोशाका व्यवस्था सिकाउने अधिकार पाएका छन्। ३ यसकारण तिमीहरूले उनीहरूले भनेका सबै कुरा गर्नू। तर तिनीहरूले जे गर्छन्, त्योचाहिँ नगर्नू किनभने तिनीहरूले अरूलाई त सिकाउँछन्, तर आफूचाहिँ गर्दैनन्। ४ तिनीहरू अरूलाई चाहिँ धर्म-कर्मको गह्रुङ्गो भारी बोकाउँछन्, तर आफू भने त्यो भारी बोक्न त परै जाओस्, औँलाले पनि छुँदैनन्। ५ तिनीहरू सबै कुरा देखाउनको लागि मात्र गर्छन्। तिनीहरू आफ्ना निधार र नाडीका व्यवस्था-पत्री ठूलो-ठूलो बनाउँछन् र धर्मी हुँ भनी देखाउन आफ्नो लुगामा लामा-लामा झुम्का जोड्छन्। ६ तिनीहरू भोजमा आदरको र सभाघरमा उत्तम ठाउँहरूमा बस्न रुचाउँछन्। ७ बजारहरूमा घुम्दा मानिसहरूले आफूलाई आदरसाथ अभिवादन गरिदेऊन् अनि गुरु भनून् भन्ने तिनीहरू चाहन्छन्।"

**बाइबलमा फरिसी र शास्त्रीहरूको बारेमा गरेका धेरै सम्बोधनहरू नकारात्मक देखाइएको छ। प्रायजसो ती शास्त्री र फरिसी पण्डितहरूले येशूलाई मार्न र उहाँका अनुयायीहरूलाई आक्रमण गर्न योजना बनाएका थिए। ती समूहले त्यस्ता मानिसहरूलाई चियो गर्न खटाएको हुन्थ्यो जसले व्यवस्थाको बारेमा गल्ती गर्‍यो भने तिनीहरूलाई समाती हाल्थ्यो। तिनीहरू रूखको पछाडि वा अरू कुनाहरूमा चियो गर्न ढुकेर बस्थे। फरिसी पण्डितहरूको बारेमा यस्तो खालको चित्रण बाइबलले बारम्बार गरेको पाइन्छ। तिनीहरू परम्परावादी भनेर पनि कहलाइन्थे। मानिसप्रति संवेदनशील हुनु भन्दा वा परमेश्वरप्रति हृदयदेखि माया गर्नु भन्दा नीतिकुतिलाई बढि मान्दा मोक्ष पाइन्छ भन्ने धारणाले**

तिनीहरू ग्रष्त छन् भनेर तिनीहरूप्रतिको लोकधारणा थियो। जब हामी येशूले तिनीहरूप्रति व्यक्त गरेका धारणाहरूलाई नजिकै हेऱ्यौं भने मोशाको व्यवस्थालाई तिनीहरूले पालन गर्न चाहेकोप्रति उहाँको ठूलो समस्या थिएन। तर अरूलाईचाहिँ सिकाउने आफूलेचाहिँ पालन गर्न बाध्य नभएको नीतिप्रति उहाँ रुष्ठ हुनुभएको थियो। तिनीहरू नकावधारी धर्मगुरूहरू थिए अर्थात् तिनीहरूको अनुहार दुई थरीको थियो। तिनीहरूले एउटा कुरो गर्थे भने गर्ने बेलामा अर्कै गर्थे। तिनीहरूले कतिपय कामहरू ठिकै गर्थे होलान् तर गलत कारणले गर्थे।

यहूदी धर्मका शास्त्री र फरिसी पण्डितहरूप्रति येशूले पोखाउनुभएको आरोपहरूलाई फेरि नियालेर पढ्नुहोस्। हामीहरू पनि तिनीहरूकै धारमा नपर्न कसरी चनाखो भएर बस्ने?

## २. मानिसले सृजना गरेका प्रथा तथा नीतिहरू (मत्ती १५:१-६)

मोशाको आसनमा शास्त्री र फरिसीहरू बस्दथे। तर तिनीहरूले मान्न लगाएका धार्मिक विद्या तथा नीतिहरू पुरानो करारभन्दा बाहिर पनि जान्थे। यथार्थ यहूदी व्यवस्थाभन्दा बाहिर गएर तिनीहरूले हुकुम चलाउँथे। अग्रज रब्बी तथा धर्मगुरूहरूले बाइबलको वाख्या आआफ्नै ढङ्गले गर्न अधिकार छ भन्ने नीति तिनीहरूले चलाएका थिए। ती वाख्याहरू बाइबलको साटो हुनुपर्ने थिएन। तिनीहरूले गरेको वाख्याले बाइबलको समर्थन गर्नुपर्थ्यो। सुरूमा ती वाख्याहरू लेखिएका हुन्दैनथ्यो बरू मनमनैबाट सिकाउँथ्यो। पछि शास्त्रीहरूले रब्बीहरूको वाख्यालाई किताबहरूमा उतारेका थिए।

रब्बीहरूले सिकाएका विधिविधानहरूका प्रथम् पुस्तक येशू मर्नुभएको दुईसय वर्षपछि देखा परेको थियो। रब्बी यहूदा हा-नसी (यहूदाको राजकुमार)ले मिसनाह अर्थात् रब्बीहरूले सिकाएका विधिहरूलाई पुस्तकको रूप दिएर छापेको थियो। त्यसलाई मिशनाह भनिन्छ। रब्बीहरूको बीचमा चारसय वर्षको छलफलमा आधारित विधि तथा व्यवस्थाहरू त्यस मिशनाहमा थियो। मिशनाहमा उल्लेखित कतिपय

रब्बी लेखकहरू येशूको समयमा थिए। तिनीहरूमा हिलेल र शामेई प्रख्यात थिए। हिलेलको नाती गमलिएल जो प्रेरित पावलको धर्मगुरू पनि तिनीहरूमध्ये एक थिए।

ती धर्मगुरू र फरिसी पण्डितहरूको समस्या के थियो भनेर येशूले कसरी खुलासा गर्नुभएको थियो र उहाँले तिनीहरूलाई के सच्याउन चाहनुभएको थियो सो मत्ती १५:१-६मा यसरी दिएको छः "केही फरिसी र धर्म-गुरुहरू यरूशलेम सहरबाट आएर येशूलाई सोधे, २ "तपाईंका चेलाहरूले पिता-पुर्खादेखि चलिरहेका रीतिथितिहरू किन मान्दैनन्? तिनीहरूले खानुअघि हात धुने रीति पनि पूरा गर्दैनन्।" ३ येशूले जवाफ दिनुभयो, "अनि तिमीहरूचाहिँ किन परमेश्वरको धार्मिक आज्ञा भङ्ग गरेर आफ्नै रीतिथितिमा भुलिरहन्छौ? ४ जस्तो, परमेश्वरको यो आज्ञा छ, 'आफ्ना आमा-बुबाको आदर गर्नू अनि आफ्ना आमा-बुबालाई सराप्नेलाई चाहिँ ज्यान सजाय दिनू।' ५ तर तिमीहरूले भन्छौ– कसैले आफ्ना आमा-बुबालाई 'हेर्नुहोस् तपाईंहरूलाई दिनुपर्ने कुरा मैले परमेश्वरलाई चढाइसकें' भन्यो भने ६ उसले चाहिँ आफ्ना आमा-बुबाको सेवा गर्नुपर्दैन। यसरी तिमीहरू आफ्नै रीतिथितितिर लागेर परमेश्वरको आज्ञालाई बेकामको ठान्छौ। ७ हे कपटीहरू हो! यशैया अगमवक्ताले भनेको यो कुरा तिमीहरूलाई ठ्याक्कै मिल्छ– ८ 'मुखले भने यी मानिसहरूले मलाई खुब आदर गर्छन्! तर तिनीहरूको मनचाहिँ मदेखि धेरै टाढा छ। ९ तिनीहरूले मलाई पुजेको त व्यर्थै छ किनभने तिनीहरूले खालि मानिसले बनाएको नियमहरू मात्रै सिकाउँछन्'।"

रब्बीहरूले सिकाएका रीतिथितिहरूलाई हलाकाह भनिन्थ्यो भनेर प्रथम् अध्यायमा हामीले हेरेका थियौं। त्यसको अर्थ तिनीहरूले सिकाएको "मार्गमा हिँड्नु" थियो भनेर पनि हेर्‍यौं। सानोतिनि रीतिथितिहरूलाई पालन गरियो भने बाइबलका ठूला ठूला महत्त्वपूर्ण रीतिथितिहरू स्वःत पालन गर्न सकिन्छ भनेर ती रब्बीहरूले सिकाएका थिए। तर कताकताबाट ती सानोतिनो रीतिथितिहरू ठूला ठूला भन्दा महत्त्वपूर्ण हुन थालेका थिए। अनि हुँदा हुँदा मानिसले बनाएका नीति तथा रीतिथिति र

बाइबलले निर्धारण गरेका सत्य नीति तथा रीतिथितिहरू छुट्याउन सान्हो पर्न थालेको थियो।

फरिसीहरूको आफ्नै नियमकानून वा रीतिथितिहरूप्रति येशूको आपत्ति भएको जस्तो देखिन्दैन। तर सानोतिनो रीतिथितिहरू बाइबल सरह भएको हुन गएकोले उहाँले आपत्ति जनाउनु भएको थियो। परमेश्वर आफैले दिनुभएको बाइबलको व्यवस्था तथा रीतिथितिहरूको बराबरीमा कुनै पनि मानिसले आफ्नो रीतिथिति वा व्यवस्था घुसार्ने वा सृजना गर्ने अधिकार छैन। त्यसको अर्थ विश्वासीहरूको समूहले असल जीवन बिताउन सहायता हुने खालको कुनै पनि नियमहरू बनाउन हुन्न भनेको होइन। उपयोगी शिक्षादिक्षाले बाइबलको नीति वा व्यवस्था वा रीतिथितिहरूलाई पालन गर्न ठूलो सहयोग हुन सक्छ। तर मानिसहरूले बनाएका नीति नियमहरू बाइबलका नीतिनियमहरूको स्थानमा कहिल्यै पनि साट्नुहुँदैन।

सेभेन्थ एडभेन्टिस्ट चर्चमा पनि कतिपय नीतिनियम, परम्परा र संस्कारहरू छन्। तिनीहरूले परमेश्वरको व्यवस्थालाई पालन गर्न र त्यसलाई विश्वास गर्न सहज भइदिएका छन्। केही तिनीहरूको बारेमा लेखाजोखा गर्नुहोस् र चर्च तथा विश्वासीहरूलाई तिनीहरूले कसरी प्रभाव पार्दछन् भनेर विचारविमर्स गर्नुहोस्।

## ३. एल्डर अर्थात् धार्मिक अगुवाहरूले अपनाएका परम्पराहरू (मत्ती १५:१,२)

मोशाले दिएका व्यवस्थाहरूलाई पालन गर्न सजिलो गर्नेको नाउँमा सृजना गरेका विभिन्न परम्परा वा रूढिवादलाई जगाइ राख्न रब्बीहरूले ध्यान दिएका थिए भनेर हामीले हेऱ्यौं। धर्मको नाउँमा तिनीहरूले रीतिरिवाजलाई बढि जोड दिएका थिए। तर मानवकृत परम्परा र परमेश्वरको सत व्यवस्थाको बीचमा भएको अन्तरलाई सिकाउन रब्बीहरू असफल भएका थिए। त्यसले गर्दा पछि गएर रब्बीका वचनहरू बाइबलसरह लिन मानिसहरू पुगेका थिए। रब्बीका

**मुखारबाट निस्केका वचनहरू बाइबलकै पवित्र वचन हुन् र तिनीहरूलाई परमेश्वरको वचनको बराबरीमा लिनु पर्छ भनेर मानिसले सोच्न थालेका थिए। तर रब्बीले लेखेका शिक्षाहरू बाइबल सरह हुनुपर्छ भनेर रब्बीहरूको मनशाय थिएन भनेर हामीले अघिल्लो बुँदामा हेऱ्यौं। तर तिनीहरूका अनुयायीहरूले आफ्ना धर्मगुरूहरूको शिक्षादिक्षा सर्वसाधारण जनताहरूलाई सिकाउनु आफ्नो धर्म हो भनेर ठानेका थिए।**

मोशाका कुन् प्रथम पुस्तकहरूको आधारमा मत्ती १५:१-९ उल्लेख गरिएको छ, फेरि पढ्नुहोस् र साथै मर्कूस ७:३,४ र मत्ती १५:१०-१४ पनि पढ्नुहोस्। मत्ती १५:१-९ "केही फरिसी र धर्म-गुरुहरू यरूशलेम सहरबाट आएर येशूलाई सोधे, २ "तपाईंका चेलाहरूले पिता-पुर्खादेखि चलिरहेका रीतिथितिहरू किन मान्दैनन्? तिनीहरूले खानुअघि हात धुने रीति पनि पूरा गर्दैनन्।" ३ येशूले जवाफ दिनुभयो, "अनि तिमीहरूचाहिँ किन परमेश्वरको धार्मिक आज्ञा भङ्ग गरेर आफ्नै रीतिथितिमा भुलिरहन्छौ? ४ जस्तो, परमेश्वरको यो आज्ञा छ, 'आफ्ना आमा-बुबाको आदर गर्नू अनि आफ्ना आमा-बुबालाई सराप्नेलाई चाहिँ ज्यान सजाय दिनू।' ५ तर तिमीहरूले भन्छौ– कसैले आफ्ना आमा-बुबालाई 'हेर्नुहोस् तपाईंहरूलाई दिनुपर्ने कुरा मैले परमेश्वरलाई चढाइसकें' भन्यो भने ६ उसले चाहिँ आफ्ना आमा-बुबाको सेवा गर्नुपर्दैन। यसरी तिमीहरू आफ्नै रीतिथितितिर लागेर परमेश्वरको आज्ञालाई बेकामको ठान्छौ। ७ हे कपटीहरू हो! यशैया अगमवक्ताले भनेको यो कुरा तिमीहरूलाई ठ्याक्कै मिल्छ– ८ 'मुखले भने यी मानिसहरूले मलाई खुब आदर गर्छन्! तर तिनीहरूको मनचाहिँ मदेखि धेरै टाढा छ। ९ तिनीहरूले मलाई पुजेको त व्यर्थै छ किनभने तिनीहरूले खालि मानिसले बनाएको नियमहरू मात्रै सिकाउँछन्'।" , मर्कूस ७:१-८ "यरूशलेम सहरबाट आएका फरिसी र धर्म-गुरुहरू येशूको वरिपरि भेला भए। २ अनि येशूका कुनै-कुनै चेलाहरूले हात नधोई खाइरहेका तिनीहरूले देखे। अर्थात् ती चेलाहरूले इस्राएलीहरूका रीतिथितिअनुसार हात चोख्याउने काम नगरी खाइरहेका थिए ३ किनभने

फरिसीहरू र सबै इस्राएलीहरू आफ्ना पुर्खादेखि चलिआएका शिक्षा मानेर हात नचोख्याई खाँदैनन्। ४ बजारबाट आएपछि पनि तिनीहरूले आफूलाई नचोख्याई केही खाँदैनन् अनि अरू धेरै रीतिथितिहरू पनि मान्छन्, जस्तैः थाल, बटुका, भाँडा-कुँडा पनि नचोख्याई चलाउँदैनन्। ५ त्यसैकारण फरिसी र धर्म-गुरुहरूले येशूलाई सोधे, "किन तपाईंका चेलाहरू पुर्खाको चलनलाई नमानेर हातै नचोख्याई खान्छन्?" ६ येशूले तिनीहरूलाई भन्नुभयो, "यशैया अगमवक्ताले लेखेका यो कुरा तिमी कपटीहरूलाई ठ्याक्कै मिल्छ– 'मुखले भने यी मानिसहरूले मलाई खुब आदर गर्छन्, तर तिनीहरूको मनचाहिँ मदेखि धेरै टाढा छ। ७ तिनीहरूले मलाई पुजेको त व्यर्थै छ किनभने तिनीहरूले खालि मानिसले बनाएका नियमहरू मात्र सिकाउँछन्,' ८ साँच्चै तिमीहरूले परमेश्वरका धार्मिक आज्ञालाई पन्छ्याएर मानिसहरूको रीतिथिति पो मान्छौ।" मत्ती १५:१०-१४ "त्यसपछि येशूले मानिसहरूको धुइरोलाई बोलाएर भन्नुभयो, "मेरो कुरा मन लगाएर सुन, ११ मुखबाट भित्र पस्ने कुराले मानिसलाई अशुद्ध पार्ने होइन, उसको मुखबाट बाहिर निस्कने कुराले उसलाई अशुद्ध पार्छ।" १२ पछिबाट चेलाहरूले आएर उहाँलाई भने, "के तपाईंले थाहा पाउनुभयो? तपाईंले भन्नुभएको कुराले गर्दा फरिसीहरू रिसाए।" १३ येशूले भन्नुभयो, "स्वर्गमा बास गर्नुहुने मेरा पिताले नरोप्नुभएको चाहिँ सबै जरैदेखि उखेलिनेछन्। १४ तिनीहरूको वास्ता नगर, तिनीहरू त अन्धाहरूका अन्धा अगुवा हुन्। एउटा अन्धाले अर्को अन्धालाई डोऱ्यायो भने के दुवै खाडलमा पर्दैनन् र?"

**"तिमीले खाना खानुभन्दा पहिले आफ्ना हातहरू धुनुपर्छ" भन्ने बाइबलमा दिएको आदेश पाउन मुश्किल छ। तर येशूसँग वादविवाद गर्न शास्त्री र फरिसीहरू त्यो परम्परा उदृध गर्न हिचकिचाएको थिएन। येशूका चेलाहरूले मोशाको व्यवस्थालाई भङ्ग गरेको त होइन भनेर तिनीहरू स्पष्ट थिए। तर तिनीहरूले पूर्खा वा अग्रजहरूले बनाएका परम्परालाई तोडे भनेर पण्डितहरूले आरोप लगाएका थिए।**

फरिसी पण्डितहरूले मानेका खानु भन्दा पहिले हात धुनुपर्छ भन्ने नियम जायज हो भनेर स्वास्थकर्मी र आमाबाबुहरूले स्वास्थ र मनोवैज्ञानिक कारण दिएर मानिसहरूलाई चित्त बुझाउन सकिन्छ। तर फरिसीहरूले अपनाएका हातधुने विधि केवल शुद्ध पार्ने शाङ्केतिक प्रथामात्र थिए भनेर बाइबलका चिन्तकहरूको राय छ। दैनिक जीवनको कारोबारमा मानिसहरूले अशुद्ध कुरोहरूलाई छोएकोले त्यसलाई शुद्ध बनाउनुपर्छ भन्ने फरिसीहरूको चासो थियो भनेर स्पष्टरूपमा देखिन्छ। त्यसैकारण यदि मानिसहरूले औपचारिक रूपमा हात नधोइ कुनै खाना छोयो वा खायो भने मानिसहरूले आफूहरूलाई अशुद्ध पार्छ भनेर फरिसी पण्डितहरूले विश्वास गर्दथे।

फरिसीहरूले लगाएको आरोप येशू नभएर उहाँका चेलाहरूलाई लक्षित गरेकोले येशूले हातधुने परम्परालाई तोड्नुभएको थिएन भन्ने आभास हामी पाउँछौं (मर्कूस ७:३)। तर सानो कुरोलाई फरिसीहरूले ठूलो पहाड बनाएको थियो भन्ने कुरामा येशू सतर्क हुनुभएको थियो भन्ने कुरोमा कसैको दुईमत छैन।

यशैया २९:१३मा बाइबलको एक निर्णायक निती उल्लेख गरिएको छ। त्यसलाई हामीले किन सधैं सम्झिरहनुपर्दछ? हेर्नुहोस् "परमप्रभुले भन्नुभयो, "यी मानिसहरूले मलाई पुज्नेछन् भनी दाबी गर्छन् तर तिनीहरूका बोलीको केही अर्थ लाग्दैन किनभने तिनीहरूको मन मदेखि टाढा छ। तिनीहरूको धर्म तिनीहरूले कण्ठै गरेका मानिसका नियमहरू र परम्पराहरू मात्र हुन्, अरू केही होइनन्।" १४ यसकारण म तिमीहरूलाई एकपछि अर्को गरेर झस्काउनेछु। जो बुद्धिमान् छन्, तिनीहरू मूर्ख बन्नेछन् र तिनीहरूको बठ्याइँ सबै व्यर्थ हुनेछ।"

## ४. मानिसहरूले सृजना गरेका नैतिक नीतिहरू (मत्ती १५:३-६)

" परमेश्वरका आज्ञाहरू भन्दा मानिसहरूका नीति, रीतिरिवाज र संस्कारहरूलाई बढि मूल्यमान्यता दिने चलनलाई रोकिएर रोक्न सकिन्दैन। परमेश्वरका दश आज्ञाहरूलाई भन्दा चर्चका पूर्खाहरूले अपनाएका परम्परालाई सर्वोच्च मान्ने इसाईहरू भएका कतिपय चर्चहरू पनि पाइन्छ। तिनीहरूले परमेश्वरका आज्ञाहरूलाई भन्दा मानिसहरूले बनाएका रूढिवाद र नीतिहरूलाई बढि महत्त्व दिएका हुन्छन्। आफ्ना बाबुबाजेदेखि चलिआएका भनेर परम्परा र संस्कारलाई तिनीहरूले आदरसाथ पकडी राखेका हुन्छन्। तिनीहरूले गलत परम्परा अपनाएका छन् भनेर कसैले भन्यो भने तिनीहरूलाई घृणा गर्ने बानी हृदयमा राखी छोडेको हुन्छ।...चर्चका फादर, अग्रज वा धर्मगुरू भनाउँदाहरूको अधिकारको ठाउँमा स्वर्ग र पृथ्वी सृष्टि गर्नुहुने सृष्टिकर्ता सनातन परमेश्वर पिताको आज्ञाहरूलाई मान्नु मानिसहरूले जायज देख्नुपर्दछ।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज, पृ. ३९८बाट रूपान्तरित।

येशूले धर्मका मतियार भन्ने फरिसीहरूको विरुद्धमा कडा र गम्भिर आरोपहरू लगाउनुभएको थियो। देहायका पुरानो करारसमेतका नयाँ करारका पदहरूले उहाँले लगाउनुभएको आरोप मोशाले लेखेका व्यवस्था अनुसार कतिको जायज छ भनेर बुझाउँछन्। हेर्नुहोस्ः मत्ती १५ः३-९ "यरूशलेमबाट आएका फरिसीहरू र शास्त्रीहरू येशूकहाँ आए, र भने, २ "तपाईंका चेलाहरूले पुर्खाहरूको परम्परा किन भङ्ग गर्दछन् ? किनकि तिनीहरू खान अघि आफ्ना हात धुँदैनन्।" ३ उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू पनि किन आफ्ना परम्पराको खातिर परमेश्वरका आज्ञा भङ्ग गर्दछौ?४ किनभने परमेश्वरले भन्नुभएको छ, 'आफ्ना बुबा र आमाको आदर गर, र बुबा वा आमाको विरुद्धमा दुष्ट कुरा जसले बोल्छ, त्योचाहिँ निश्चय मारिनुपर्छ। ५ तर तिमीहरूचाहिँ भन्दछौ, जसले आफ्ना बुबा वा आमालाई भन्छ, 'तपाईंले मबाट जे प्राप्त गर्न सक्नुहुन्थ्यो, सो परमेश्वरलाई चढ़ाइएको छ,' त्यसले आफ्ना बाबुको

आदर गर्नुपर्दैन। ६ यसरी तिमीहरूले आफ्नो परम्पराको खातिर परमेश्वरको वचनलाई बेकम्मा गराएका छौ। ७ ढोंगी हो, यशैयाले तिमीहरूका विषयमा ठीकै अगमवाणी बोले, ८ 'यस जातिले मलाई ओठले मात्र आदर गर्छ, तर तिनीहरूको हृदय मबाट टाढ़ा छ। ९ तिनीहरू व्यर्थमा मेरो उपासना गर्दछन्, तर तिनीहरूका शिक्षा मानिसहरूले सिकाएका विधि मात्र हुन्'।" (प्रस्थान २०:१२ "आफ्ना बाबु र आमालाई आदर गर, कि जुन देश तिमीहरूलाई परमप्रभु आफ्ना परमेश्वरले दिनुहुन्छ, त्यहाँ तिमीहरूको आयु लामो होस्।" व्यवस्था ५:१६ "परमप्रभु आफ्ना परमेश्वरले आज्ञा दिनुभएझैं आफ्ना बाबु र आमालाई आदर गर्नू, र परमप्रभु आफ्ना परमेश्वरले दिनुभएको देशमा तिमीहरूको आयु लामो होस्, र त्यहाँ तिमीहरूको भलो होस्।"), मत्ती १९:१९ "आफ्ना आमा-बुबाको आदर गर्नू, र आफ्नो छिमेकीलाई आफूलाई झैं प्रेम गर्नू।", एफिसी ६:१-३ " छोरा-छोरी हो, प्रभुमा आफ्ना आमा-बुबाको आज्ञापालन गर, किनकि यो उचित हो। 2 आफ्ना बुबा र आमाको मान गर। (जो प्रतिज्ञासहितको पहिलो आज्ञा हो), 3 कि तिमीहरूलाई भलो होस्, र पृथ्वीमा तिमीहरू दीर्घायु होओ।"

जब हात नधुई खानु अपराध भनेर फरिसीहरूले औंल्याएको बेलामा येशूले तिनीहरूलाई त्यसको बारेमा तुरन्तै जवाफ देओस् भनेर तिनीहरूले चाहना गरेका थिए। बरू तिनीहरूको आरोपलाई प्रत्यारो गर्ने यस्तो किसिमको प्रश्न राख्नुभयो जसले ती फरिसीहरूको नियतलाई भन्डाफोर गरेका थिए। हात धुने औपचारिक विधि दशांश दिने विधि आफै समस्याको विषय होइन तर परमेश्वरको आदर्श वा मापदण्डहरूलाई होच्याएर मानिसले सृजना गरेका आदर्श वा मापदण्डहरूलाई सर्वोच्चमा राख्ने नियत तिनीहरूको मूल समस्या हो भनेर येशूले तिनीहरूलाई औंल्याउन चाहनुभएको थियो।

फरिसीका नीतिनियमहरू कतिपय जायज हुनसक्छ तर आफ्नै नीतिनियमहरू बनाएर परमेश्वरलाई माया गर्छु भन्ने मतिलाई येशू असहमत हुनुभएको थियो। अनुशासित र शुद्ध जीवन जिउन चाहने

फरिसीहरूको चाहना राम्रै थियो। तर परमेश्वरको चाहना भन्दा तिनीहरूको परम्परा, संस्कार वा विधिलाई उच्च स्थानमा राख्नु नाजायज थियो। मोशाले लेखेका विभिन्न नीतिहरूमा समावेश गरिएका ६१३ नीतिहरू एक आपसको परिपुरक हुन् तर बाँझिएको होइन भनेर ती फरिसी पण्डितहरूले बुझ्नु पर्थ्यो। एउटा नीतिले अर्को नीतिलाई काट्न दिनु हुँदैनथ्यो। तर परम्परा वा पहिलेदेखि चलिआएको रीति भनेर धर्मगुरूहरूको नीति अनुसार चल्नै पर्छ भनेर ती फरिसीहरूले ढिपी गरेका थिए। यथार्थमा तिनीहरूको ढिपीले परमेश्वरको वचनलाई सरासर चुनौती दिएको थियो (मत्ती १५:६)। आफूहरू मोशाका व्यवस्थाहरूलाई संरक्षकको रूपमा उभ्याएका फरिसीहरूलाई साँच्चै भनौं भने ती व्यवस्थाहरूलाई नै तोड्नेवालाहरू हुन् भनेर येशूले औंल्याउँदा तिनीहरूलाई धक्का लाग्नु स्वभाविकै थियो। मानिसहरूलाई मोशाका व्यवस्था वा नीतिनियमहरूलाई राम्रोसंग पालन गरोस् भनेर बनाएका परम्परा वा मानिसका नीतिनियमहरूले मोशाका व्यवस्थालाई झन कमजोर पारेका थिए।

## ५. अति धर्मी वा धर्ममा अतिवादी (मत्ती ५:२०)

येशूले मत्ती ५:२०मा दिनुभएको चेतावनीको अर्थ के हुन् भनेर यस अध्यायले बुझाउन खोजेको मत्ती ५:१७-२०मा लेखिएको पढ्नुहोस् "व्यवस्था अथवा अगमवक्ताहरूलाई रद्द गर्न म आएको भन्ने नसम्झ। म ती रद्द गर्न होइन, तर पूरा गर्न आएँ। १८ किनभने साँच्चै म तिमीहरूलाई भन्दछु, जबसम्म स्वर्ग र पृथ्वी टलेर जाँदैन तबसम्म सबै कुरा पूर्ण नभई कुनै किसिमले व्यवस्थाबाट एउटा मात्रा वा एउटा बिन्दु टल्नेछैन। १९ यसैकारण जसले यी आज्ञाहरूमध्ये सबैभन्दा सानोलाई उल्लङ्घन गर्ला, र मानिसहरूलाई त्यसै गर्न सिकाउला, स्वर्गको राज्यमा त्यो सबैभन्दा सानो कहलाइनेछ। तर जसले ती आज्ञाहरू पालन गर्ला र सिकाउला, स्वर्गको राज्यमा त्यो ठूलो कहलाइनेछ। २० किनभने म तिमीहरूलाई भन्दछु, तिमीहरूको धार्मिकता शास्त्री र

फरिसीहरूको भन्दा बढ़ी भएन भने तिमीहरू कुनै रीतिले स्वर्गको राज्यमा प्रवेश गर्नेछैनौ।" रोमी १०:१-४ पनि "भाइ हो, मेरो आफ्नो हृदयको इच्छा र तिनीहरूका निम्ति परमेश्वरमा मेरो प्रार्थना यही छ, कि तिनीहरूले उद्धार पाऊन्। २ म यो गवाही दिन्छु कि परमेश्वरप्रति तिनीहरूको जोश त छ, तर यो जोश ज्ञानअनुसार छैन। ३ किनभने परमेश्वरबाट आउने धार्मिकताको विषयमा नजानेर तिनीहरूको आफ्नै धार्मिकता स्थापित गर्न खोज्दा तिनीहरू परमेश्वरका धार्मिकताको अधीनमा रहेनन्। ४ किनभने विश्वास गर्ने धर्मी ठहरिओस् भनेर ख्रीष्ट नै व्यवस्थाको अन्त्य हुनुहुन्छ।"

यदि हामीले राम्रोसँग माथिका पदहरूलाई पढेर अर्थ बुझेनौं भने हामी पनि फरिसीहरू जस्तै हुन बेर छैन। अझ तिनीहरू भन्दा पनि अतिवादी हुन सक्छौं।

तर येशूले के भन्न खोजिरहनुभएको छ? शास्त्री र फरिसीहरूले तिनीहरूले सृजना गरेका विभिन्न विधि तथा परम्पराहरू परमेश्वरको व्यवस्थाभन्दा माथि राखेका थिए भनेर अघिल्लो बुँदामा हामी हेर्‍यौं। तिनीहरूको कामले परमेश्वरको सरल वचन अनुसार थिएन भनेर येशूले फरिसीहरूलाई भन्नु परेको थियो। शास्त्री र फरिसीहरूले सिकाएका नियतहरू ठिकै देखिएतापनि धेरैजसो तिनीहरू दुईमुखे आचरण ओढेर बसेका थिए भनेर पनि हामीले हेर्‍यौं।

त्यसकारण येशूले गराउनुभएको सतर्कता बुझ्न त्यत्ति सार्‍हो छैन। मत्ती ५:१९मा येशूले तिनीहरूलाई यसरी औँल्याउनु खोज्नुभएको हुनसक्थ्यो "साना भन्दा साना आज्ञाहरूलाई नतोड्नु। अरूहरूलाई तोड्न पनि नसिकाउनु। यदि तिमीहरूले परमेश्वरको सानो व्यवस्थालाई तोड्न सिकायौ भने तिमीहरू परमेश्वरको राज्यमा कम मूल्यको हुनेछौ।" (रूपान्तरित)। मानिसहरूले बनाएका विधिहरूलाई ती फरिसीहरूले यस्तरी ध्यान दिएका थिए कि तिनीहरूले परमेश्वरको व्यवस्थालाई तोडेको यादै भएको थिएन। तिनीहरूको आफ्नै कर्मकाण्डमा तिनीहरूको धार्मिकता अडाउन खोजेको थियो। अर्थात्

आफूहरू कति धर्मी छु भनेर देखाउन आफ्ना कामहरूद्वारा देखाउन खोजेको थियो। बाइबल अनुसार त्यो गलत छ। मानिसले गरेका धर्मकर्म वा आफू धर्मी छु भनेर चोख्याउने क्रियाकलापहरू फोहरी थाङ्ना जस्तै हुन् भनेर धेरै वर्ष अघि अगमवक्ता यशैयाले स्पष्ट गरेका थिए (यशैया ६४:६)।

धर्मी हुन हृदयदेखि सुरू गर्नुपर्छ भनेर येशूले हामीलाई देखाउन खोज्नुभएको छ। हात धुने मामिलामा येशूले यशैया २९:१३लाई उदृध गरेर ती फरिसी पण्डितहरूको गलत भावनालाई औंल्याउनुभएको थियो "ती मानिसहरू....ओठले मात्र मलाई सम्मान गर्छन्। तर तिनीहरूको मन मबाट टाढा छन्।" (रूपान्तरित)। मानिसले मानिसलाई देखाउने सतह भन्दा परमेश्वरको धार्मिकता वा उहाँले चाहनुभएको हाम्रो धार्मिक जिवन गहिरो छ। त्यो हाम्रो हृदयबाट सुरू हुनुपर्दछ।

फरिसी, शास्त्री वा अरू धर्मगुरूहरूले सोचेका तिनीहरूमा भएका धार्मिकता भन्दा हामीमा हुनुपर्ने धार्मिकता बढि हुनुपर्छ भनेर येशूले हामीलाई आह्वान गर्नुहुन्छ। सूचीमा हेर्दै र त्यसलाई टिक लगाउँदै हामी कतिको धर्मी छौं भनेर हाम्रो धार्मिकता नाप्न सक्दैनौं। येशू ख्रीष्टमा विश्वास र आस्था राखेर मात्र हामी धर्मी हुनसक्छौं। उहाँको धार्मिकतालाई हामीले दावी गरेरमात्र हामी धर्मात्मा बन्न सक्छौं। येशू नै आफ्नो अनुकरणीय उदाहरण हुनुभएको छ र आफ्नो निम्ति उहाँ सट्टाभर्ना हुनुभएको भनेर स्वीकार्दै उहाँमा पूर्ण आत्मसमर्पण गरेर जिउँदा नै हामी धर्मी जीवन बिताइरहेको देखाउँछ।

रोमी १०:३मा दिएको " किनभने परमेश्वरबाट आउने धार्मिकताको विषयमा नजानेर तिनीहरूको आफ्नै धार्मिकता स्थापित गर्न खोज्दा तिनीहरू परमेश्वरका धार्मिकताको अधीनमा रहेनन्।"को यथार्थ अर्थ हामीले कसरी बुझ्ने?

## उपसंहार

थप जानकारीः यस अध्यायकको थप ज्ञान बुझ्न एलेन जी ह्वाइटले लेखेका द डिजाएर अभ एजेजको यी सामग्रीहरू पढ्नुहोस्ः पृ. ३९५-३९८को "ट्राडिशन", पृ. ६१०-५२०को "वोज अन द फारिसीज।"

"मानिसले आफ्नो अधिकार जमाएर तर्जुमा गरेका नीतिनियमहरू वा चर्चको विभिन्न संस्कारहरू र पुर्खाहरूको परम्पराहरूलाई अङ्गाल्ने सबैले येशूले दिनुभएको चेतावनीलाई सम्झियोस् "तिनीहरूको आराधनाको अर्थ मेरोलागि केही पनि होइन। तिनीहरूले केवल मानव रीतिहरूमात्र सिकाउँदछन्।तिनीहरूको आराधनाको अर्थ मेरोलागि केही पनि होइन। तिनीहरूले केवल मानव रीतिहरूमात्र सिकाउँदछन्।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज, पृ. ३९८बाट रूपान्तरित।

## चिन्तनमनन

अ. हामी सेभेन्थ-डे एडेन्टिस्टहरूमा के के यस्ता मानिसले बनाएका परम्पराहरू छन् जुन् हामी पछ्याउँछौं। तिनीहरू मानिसले बनाएका हुन् भनेर जानीरहन किन महत्त्वपूर्ण छ? उचित परम्पराहरू किन महत्त्वपूर्ण छन्? हामीहरूको समाजमा तिनीहरूले कस्तो भाग खेल्दछन्? विश्व मण्डलीको निम्ति कुन् परम्पराहरू अर्थपूर्ण छन्? कुन् परम्परा स्थानिय समुदायमा मात्र काम लाग्दछ?

आ. "परमेश्वरप्रति बफादारी हुनुपर्ने र उहाँको काममा तल्लिन हुनुपर्ने बेलामै कतिपय विश्वासीहरूले प्रायजसो आफ्नो जीवनमा शैतानलाई काम गर्न दिइरहेका हुन्छन्। धर्मी जीवन बिताउनबाट नजानी नजानी तिनीहरू अलमलिएका हुन्छन्। केवल नकारात्मक

आलोचना गर्ने आत्माले ग्रष्ट भएर दोषमात्र देख्ने प्रवृत्ति र अरू भन्दा आफू ठूलो छु भन्ने गलत अहङ्कारले परमेश्वरको आत्मालाई तिनीहरूले दुखित बनाएको हुन्छ। परमेश्वरका समाचारवाहक भनेर दावी गर्ने ती मानिसहरूले उहाँको काममा धेरै सुस्त पारेको हुन्छ।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली ९ पृ. १२५बाट रूपान्तरित। धर्मी वा उचित जीवन बिताउनबाट कोही मानिस कसरी अल्मलिन्छन्? आफू अरू भन्दा धर्मात्मा छु वा चोखो छु भन्ने जस्ता सोचको धरापमा नपर्न हामीले कुन् कदमहरू लिनु पर्दछ?

इ. चर्चमा हामीले नियमित रूपमा चलाउने साप्ताहिक विधिलाई हेर्नुहोस्। तपाईंको चर्चमा त्यो विशेष नियमित परिपाटी किन छ? तिनीहरूको अर्थ के छ (जस्तै सुरूको प्रार्थना, भजन गाउने, मूल प्रार्थना आदि)? हामीहरूको विश्वास पनि परम्परामा भर परेको छ भनेर चर्चमा हुने सेवाकार्यले कसरी देखाउँछ? फेरि त्यसै बखत परम्परा भयो भन्दैमा के त्यो खराब छ त?